आज मिति २०८२/०३/०३ गतेका दिन वागलुङ नगरपालिकाका नगर प्रमुख श्री बसन्त कुमार श्रेष्ठज्यूको अध्यक्षतामा वसेको वागलुङ नगर कार्यपालिकाको बैठकको उपस्थिती र निर्णय निम्नानुसार छ ।

## उपस्थिति

| क.स. | दस्तखत | पद | नामथर |
|---|---|---|---|
| १ | | अध्यक्ष एवं नगरप्रमुख | श्री बसन्त कुमार श्रेष्ठ |
| २ | | सदस्य एवं नगरउपप्रमुख | श्री राजु खड्का |
| ३ | | सदस्य एवं वडा अध्यक्ष | श्री जय बहादुर के.सी. |
| ४ | | सदस्य एवं वडा अध्यक्ष | श्री सुरज वोसेल |
| ५ | | सदस्य एवं वडा अध्यक्ष | श्री सनि के.सी. (लक्ष्मण) |
| ६ | | सदस्य एवं वडा अध्यक्ष | श्री कुमार विक्रम क्षेत्री |
| ७ | | सदस्य एवं वडा अध्यक्ष | श्री हरी प्रसाद शर्मा |
| ८ | | सदस्य एवं वडा अध्यक्ष | श्री रुद्र वहादुर के.सी. |
| ९ | | सदस्य एवं वडा अध्यक्ष | श्री मेघनाथ गैरे शर्मा |
| १० | | सदस्य एवं वडा अध्यक्ष | श्री छम बहादुर कार्की |
| ११ | | सदस्य एवं वडा अध्यक्ष | श्री राजु थापा |
| १२ | | सदस्य एवं वडा अध्यक्ष | श्री तिल वहादुर थापा मगर |
| १३ | | सदस्य एवं वडा अध्यक्ष | श्री ज्ञानेन्द्र गौतम |
| १४ | | सदस्य एवं वडा अध्यक्ष | श्री कोपिला मणी शर्मा |
| १५ | | सदस्य एवं वडा अध्यक्ष | श्री नारायण शर्मा पौडेल |
| १६ | | सदस्य एवं वडा अध्यक्ष | श्री चक्र बहादुर खत्री |
| १७ | | सदस्य एवं का.पा. सदस्य | श्री ज्योती के.सी. (विष्ट) |
| १८ | | सदस्य एवं का.पा. सदस्य | श्री सुनिता श्रेष्ठ |
| १९ | | सदस्य एवं का.पा. सदस्य | श्री धनमाया शर्मा |
| २० | | सदस्य एवं का.पा. सदस्य | श्री टुका देवी शर्मा आचार्य |
| २१ | | सदस्य एवं का.पा. सदस्य | श्री शान्ती वोसेल |
| २२ | | सदस्य एवं का.पा. सदस्य | श्री सीता थापा |
| २३ | | सदस्य एवं का.पा. सदस्य | श्री ढाका बहादुर परियार |
| २४ | | सदस्य एवं का.पा. सदस्य | श्री चुरा बहादुर सुनार |
| २५ | | सदस्य सचिव | श्री हरिदत्त कंडेल |

अन्य उपस्थिति

| | | | |
|---|---|---|---|
| १ | | | श्री भीमसेन पन्त |
| २ | | | श्री इशान्त श्रेष्ठ |
| ३ | | | श्री मुना शर्मा |
| ४ | | | श्री लक्ष्मी श्रेष्ठ |

**प्रस्तावहरु**

१. गत बैठकको समिक्षा सम्वन्धमा ।

२. जग्गा प्राप्तीको सहमती प्रदानको लागि अनुरोध गर्ने सम्बन्धमा ।

३. जग्गा प्राप्तीको सहजिकरण र सिफारिस प्रदानको लागि अनुरोध गर्ने सम्बन्धमा ।

४. आर्थिक सहायता सम्बन्धमा ।

५. विद्युत महशुल भुक्तानी गर्ने सम्बन्धमा ।

६. आयोजनाहरुको म्याद थप सम्बन्धमा ।

७. भेरिएसन अर्डर २ पश्चातको सम्झौता रकम स्वीकृत गर्ने सम्वन्धमा ।

८. शिलवन्दी दरभाउपत्रको सुचना प्रकाशन गर्ने सम्बन्धमा ।

९. अध्ययन विदा सम्बन्धमा ।

१०. विविध सम्बन्धमा ।

**निणर्यहरु**

**निणर्य नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा गत कार्यपालिकाको बैठक देखि यस अवधि सम्म भए गरेका काम कारवाहीको बारेमा जानकारी आदान प्रदान गरियो । गत बैठकबाट भए गरेका निर्णयहरुको कार्यान्वयनको अवस्थाको बारेमा समिक्षा गरियो ।

**निणर्य नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा हाल बागलुङ नगरपालिकाले सेवा संचालन गर्दै आएको साविक जिल्ला कृषि विकास कार्यालयको नाममा दर्ता कायम रहेको बागलुङ नगरपालिका वडा नं. २ स्थित कि.नं. ५०२ क्षेत्रफल ३-११-०-३ को जग्गामा रहेको पुरानो भवनबाट हाल कृषि ज्ञान केन्द्र र बागलुङ नगरपालिकाको सेवा प्रवाह भै रहेको छ । उक्त कित्ता जग्गामा भवन निर्माण गरी कृषि ज्ञान केन्द्र र बागलुङ नगरपालिकाले सेवा प्रवाह गर्ने गरी कृषि ज्ञान केन्द्र र बागलुङ नगरपालिका वीच लिखित सम्झौता समेत भै सकेको हुनाले “सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने सम्वन्धि कार्यनीति २०७९” को दफा ३ को उपदफा ६ बमोजिम आवश्यक सहमती एवं सहजीकरणको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

**निणर्य नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा स्थानीय तहमा सेवा प्रवाह सम्बन्धी व्यवस्था २०७४ बमोजिम खारेज भई खाली रहेको साविक कृषि विकास कार्यालय, बागलुङको नाममा दर्ता कायम रहेको बागलुङ

नगरपालिका वडा नं. २ स्थित कि.नं ५०२ क्षेत्रफल ३-११-०-३ को जग्गा र सो जग्गा भित्र रहेका संरचना समेत जिल्ला स्थित कार्यालयको सम्पत्ती दायित्व तथा बजेट स्थानीय तहमा हस्तान्तरण गर्ने प्रयोजनको लागि गठीत उप-समितिको मिति २०७५/०५/०४ गतेको निर्णयबाट बागलुङ नगरपालिकालाई उपलब्ध गराउन सिफारिश भए पश्चात् मिति २०७५/८/२८ गतेका दिन देखी बागलुङ नगरपालिकाको सेवा प्रवाह उल्लेखित कार्यालयबाट हुँदै आएको र बागलुङ नगरपालिकाले सेवा संचालन गर्दै आएको उल्लेखित जग्गामा बागलुङ नगरपालिकाको सुविधा सम्पन्न प्रशासकीय भवन निर्माण गरी उपयोग गर्न आवश्यक भएको हुँदा **सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने सम्वन्धी कार्यनीति २०७९ को दफा ४ बमोजिम** उक्त जग्गा उपयोग गर्ने कार्यको प्रकृया अगाडि बढाई दिन मालपोत कार्यालय बागलुङमा अनुरोध गर्ने निर्णय गरियो ।

निणर्य नं. ४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस कार्यालयमा देहाय बमोजिमका संघ/संस्था/व्यक्तिहरुले आर्थिक सहायताको लागि दिएको निवेदन सम्वन्धमा देहाय बमोजिमको कार्यक्रम सम्पन्न गरी विलभरपाई सहित आवश्यक काजगपत्र पेश गर्न लगाई देहाय बमोजिम आर्थिक सहायता दिने निर्णय गरियो ।

तपशिल

| सि.नं. | आर्थिक सहायता उपलब्ध गराउने संघ संस्था/व्यक्तिको नाम | प्रयोजन | आर्थिक सहायता रकम रु |
|---|---|---|---|
| १ | जेसिआई गैडाकोट | क्षेत्रिय सम्मेलन (क्षेत्र घ) | २५०००। |
| २ | धर्मराज आचार्य, बा.न.पा. ४ | उपचार सहयोग | ४००००। |
| ३ | नेपाल भूतपूर्व सैनिक संघ | जिल्ला साधारण सभा | १५०००। |
| ४ | त्रिकला थापा | उपचार सहयोग | ३००००। |

निणर्य नं. ५

प्रस्ताव नं. ५ माथि छलफल गर्दा नेपाल विद्युत प्राधिरण बागलुङ वितरण केन्द्र, बागलुङले सडकमा जडान गरिएका २३ वटा विद्युत मिटरको महशुल रकम भुक्तानीको लागि पटक पटक अनुरोध गरेको हुँदा मिति २०८२ असार सम्मको विद्युत विल माग गरी आकस्मिक कोषबाट रकम भुक्तानी गर्ने निर्णय गरियो ।

निणर्य नं. ६

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस कार्यालयबाट ठेक्का सम्झौता भै कार्य प्रारम्भ भएका देहाय बमोजिमका योजनाहरुको म्याद समाप्त हुन आएको तर निर्माण कार्य पुरा भैनसकेका देहाय

बमोजिमका आयोजनाहरुलाई सार्वजनिक खरिद नियमावलीको १४ औं संशोधन बमोजिम म्याद थप गर्ने निर्णय गरियो ।

तपशिल

| सि.नं. | योजनाको नाम | ठेक्का नं. | म्याद थप गरिएको समय |
|---|---|---|---|
| १ | नारायणस्थान स्वास्थ्य चौकी भवन | BAGMUN/BAG/NCB/W/06/079-80 | २०८२।०६।३१ |
| २ | १५ शैया नगर अस्पताल, पैंयुपाटा | BAGMUN/W/077-78/11 | २०८३।०३।१९ |
| ३ | महाविद्याजन मा.वि. आवाशिय भवन निर्माण | BAGMUN/BAG/NCB/Works/081-82/03 | २०८२ भदौ मसान्त |
| ४ | कुकुर सेल्टर हाउस निर्माण | BAGMUN/BAG/SQ/Works/081-82/06 | २०८२ कार्तिक १५ सम्म |
| ५ | Upgrading of Mulpani School Hararchaur Kalimati Titaura Road, Majhibasti Niraheghat Road and Odarchour Dhodeni Phorse Road | NP-DUDBC-400277-CW-F-RFB | २०८२ पौष १६ सम्म |
| ६ | गलुवा भकुण्डे सडक निर्माण | BAGMUN/BAG/NCB/W/09/079-80 | २०८२ पौष मसान्त सम्म |

निणर्य नं. ७

प्रस्ताव नं. ७ माथि छलफल गर्दा बागलुङ नगरपालिकाको Design Supervision Consultant को भेरिएसन अर्डर २ पश्चातको सम्झौता रकम रु २,९७,१६,७४०।०० स्वीकृत गरी मिति २०८२ पौष १६ गते सम्म म्याद थप गर्ने निर्णय गरियो ।

निणर्य नं. ८

प्रस्ताव नं. ८ माथि छलफल गर्दा राजश्व परामर्श समितिको राय सिफारिसको आधारमा आ.व. ०८२/०८३ को लागि देहाय बमोजिमको शिर्षकमा प्रचलित कानुन अनुसार देहाय बमोजिमको न्यूनतम अंक कायम गरी १५ दिने शिलवन्दी दरभाउ पत्रको सुचना प्रकाशन गर्ने निर्णय गरियो ।

| सि.नं. | विवरण (शिर्षक) | न्यूनतम अंक | कैफियत |
|---|---|---|---|
| १ | कवाडी, जडिबुटी र जीवजन्तु कर | २२,००,०००।०० | |
| २ | दावगरा बसपार्क (कर बाहेक) | १६,००,०००।०० | |

**निणर्य नं. ९**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस नगरपालिका कार्यालयमा सब-ईन्जिनियर पदमा कार्यरत श्री सुष्मा पौडेलले यस कार्यालयको सिफारिसमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय गण्डकी प्रदेश, पोखराबाट मिति २०८०/०५/०३ गते देखी २०८२/०३/२७ सम्म जम्मा १ बर्ष १० महिना २५ दिन विदा स्वीकृत गराई आफ्नो निजि खर्चमा अष्ट्रेलिया स्थित CQ University df Master of Construction Management विषयमा उच्च शिक्षा अध्ययन गर्दै आएको तर स्वीकृत विदाको अवधि २०८२/०३/२७ गते देखि समाप्त हुन लागेको कारण अध्ययनको पूर्णतामा समस्या सृजना भएकोले अध्ययन विदा थप गरी पाँउ भनि निवेदन दिनु भएकोले निजको यस पूर्व स्वीकृत विदा सहित ३ (तीन) बर्ष नबढने गरी मिति २०८२/०३/२८ गते देखि लागु हुने गरी स्थानीय सेवा गठन तथा संचालन नियमावली २०८० को दफा १११ (४) बमोजिम १ बर्ष १ महिना ५ दिन विदा स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

प्रस्ताव नं. १० माथि छलफल गर्दा बागलुङ नगरपालिका निवेदक र प्रदेश लोक सेवा आयोग विपक्षि भएको सम्मानीत सर्वोच्च अदालतमा रहेको मुद्धा नं. ०७८-WO-१४२३ को मुद्धामा यस नगरपालिकाको तर्फबाट मिति २०७९ साल देखी हाल सम्म पटक पटक बहस पैरवी गरे वापतको भुक्तानी गर्नु पर्ने रकम रु १,००,०००। अक्षेरुपी एकलाख रुपैया मात्र वरिष्ठ अधिवक्ता श्री हरिप्रसाद उप्रेतीलाई भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११**

प्रस्ताव नं. ११ माथि छलफल स्थानीय सरकार संचालन ऐन २०७४, को दफा ५४ मा कानुन बमोजिम बाहेक कर लगाउन/उठाउन र ऋण लिन नपाउने गरी गरेको व्यवस्था बमोजिम बागलुङ नगरपालिकाले चालु आ.व.मा उक्त कानुनी व्यवस्थालाई पूर्ण पालना गरेको र आगामी आ.व.को लागि प्रस्ताव गरेको कर दस्तुरमा समेत उक्त कानुनी व्यवस्थालाई पूर्ण पालना गर्ने गरी क्षेत्राधिकार बाहिर करारोपण नगरेको व्यहोरा स्वघोषणा गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२**

प्रस्ताव नं. १२ माथि छलफल गर्दा बागलुङ नगरपालिका राजश्व परामर्श समितिले चालु आ.व. ०८१/०८२ को हाल सम्म सम्पन्न क्रियाकलापहरु, राजश्व परिचालन, असुली र सम्भावित राजश्वका प्रस्तावित दर सहितको प्रतिवेदन माथि छलफल सम्पन्न भयो । उक्त प्रतिवेदनमा उल्लेख भएका सुझावहरु कार्यान्वयनको लागि राजश्व शाखालाई निर्देशन दिने र प्रस्तावित राजश्वका दर र दायराको लागि आगामी नगरसभा समक्ष प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३**

प्रस्ताव नं. १३ माथि माथि छलफल गर्दा बागलुङ नगरपालिका योजना अनुगमन समितिले विभिन्न योजनाको अनुगमन गरी पेश गरेको अनुगमन प्रतिवेदन माथि छलफल सम्पन्न भयो । उक्त प्रतिवेदनमा उल्लेख भएका सुझावहरु कार्यान्वयनको लागि सम्वन्धित पक्षलाई निर्देशन दिने निर्णय गरियो ।

CamScanner